

सुशासनको जग बसाल्ने मौका

श्याम न्यौपाने ३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



**आमा डेन्टल केयर प्रा. लि.**

दमक–६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
४ डा. साहिद अलि (MDS- Maxillofacial Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ ।



❑ वर्ष-२१ ❑ अंक - १०३ ❑ २०८२ चैत्र २७ गते शुक्रबार ❑ Friday, 10 April 2026 ❑ मूल्य ७ /-


## मन्त्रीमाथि पार्टीको डण्डा

# श्रममन्त्री पद मुक्त, स्वास्थ्यमन्त्रीलाई चेतावनी

**काठमाडौं/** प्रधानमन्त्री बालेन शाहले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दिपककुमार साहलाई बिहीबार पदमुक्त गरेका छन् । प्रधानमन्त्री शाहले रास्वपाको सिफारिसअनुसार बिहीबार साहलाई मन्त्री पदबाट हटाउने निर्णय गरेका हुन् ।

रास्वपा सभापति रवि लामिछानेले बिहीबार नै श्रममन्त्री साहले मन्त्री पदमा बहाल रहँदा पदीय मर्यादाको दुरुपयोग गरी श्रीमतीलाई लामो समयदेखि निष्क्रिय रहेको स्वास्थ्य बीमा बोर्डको सदस्यका रूपमा नियमित कार्यमा संलग्न गराएको भन्दै कारबाहीका लागि प्रधानमन्त्रीसमक्ष सिफारिस गरेका थिए ।

यसअघि बुधबार नै रास्वपाको केन्द्रीय अनुशासन आयोगले यस विषयमा विस्तृत अध्ययन गरी साहलाई कारबाही गर्नुपर्ने प्रतिवेदन पार्टीसमक्ष पेस गरेको थियो । मन्त्री साहको यस्तो गतिविधिबाट पार्टीको छवि, आदर्श, सिद्धान्त र मर्यादामा गम्भीर आँच पुग्ने देखिएको निष्कर्षसहित रास्वपा सभापति लामिछानेले प्रधानमन्त्री शाहसमक्ष आयोगको प्रतिवेदनसहित सिफारिस पेस गरेका थिए । सोही सिफारिस र आधारमा प्रधानमन्त्री शाहले श्रममन्त्री साहलाई पदमुक्त गरेको प्रधानमन्त्रीकी प्रेस विज्ञ दीपा दाहालले जानकारी दिइन् ।

बाँकी ४ पेजमा ▸▸

### महरासहित २८ जना विरुद्ध भ्रष्टाचारको मुद्धा

**काठमाडौं/** विद्युतीय चुरोट (भेप) मा लुकाएर सुन तस्करी गराएको आरोपमा पूर्वसभामुख एवम् नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता कृष्णबहादुर महरा सहित २८ जना विरुद्ध मुद्धा दायर भएको छ । महरा, नेपाल सरकारका सहसचिव अरुण पोखरेलसहित २८ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको हो ।

चिनियाँ तस्करसँग मिलेर भेपको आवरणमा सुनको अवैध ओसारपसार गराएको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महरा, पोखरेल तथा महराका छोरा राहुलसहित २८ जना र एउटा कम्पनीलाई प्रतिवादी बनाएको छ । अख्तियारले उनीहरूविरुद्ध ७ करोड ७८ लाख ६८ हजार रुपैयाँ बिगो कायम गरेको छ । २०७९ साल पुसमा चिनियाँ गिरोहले भेपको आवरणमा भित्र्याएको सुन पास गराउन पूर्वसभामुख

बाँकी ४ पेजमा ▸▸

## १३ औं दिनमा २ नेताको रिहाई

# हिरासत मुक्त ओली, अस्पतालमै रहने



**काठमाडौं/** पक्राउ गरेको १३ औं दिनमा प्रहरीले नेकपा एमालेका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली काग्रेसका नेता तथा पूर्व गृहमन्त्री रमेश लेखकलाई रिहा गरेको छ

प्रहरीले ओलीलाई जिम्मा जमानीमा छाडेको हो । त्रिवि शिक्षण अस्पतालमा उपचाररत पूर्व प्रधानमन्त्री ओलीलाई उनकी धर्मपत्नी राधिका शाक्यको जिम्मा लगाइएको छ । अनुसन्धानको क्रममा खोजेको बखत हाजिर हुने गरी ओलीलाई धर्मपत्नी राधिका शाक्यको जिम्मा लगाइएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईले बताए । भदौ २३ र २४ को घटना छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगले फौजदारी मुद्दामा अनुसन्धान गर्न सिफारिस गरेपछि उनलाई प्रहरीले चैत १४ मा पक्राउ गरेको थियो ।

यस्तै पूर्व गृहमन्त्री लेखक पनि नेपाल प्रहरीको नम्बर-२ सशस्त्र प्रहरी गणबाट रिहा भएका छन् । पत्नी यशोदा लेखकको जिम्मा लगाएर रिहा गरिएको प्रहरीले जनाएको छ । लेखकलाई पनि अनुसन्धानको क्रममा खोजेको बखत हाजिर हुने गरी हिरासत मुक्त गरिएको हो ।

यसैविच नेकपा एमालेका अध्यक्ष ओलीले सरकारले पूर्वाग्रह र प्रतिशोधपूर्ण रूपमा फौजदारी अभियोग लगाइ १३ दिनसम्म गैरकानुनी नियन्त्रणमा राखे पनि मुद्दा चलाउने आधार र प्रमाण नपुगेपछि आफू रिहा भएको बताएका छन्

बाँकी ४ पेजमा ▸▸

## युद्धबिरामको स्वागत

**दमक/** नेपाल सरकारले संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानबीच भएको युद्धविराम सम्झौताको स्वागत गरेको छ । परराष्ट्र मन्त्रालयले प्रेस विज्ञप्ति जारी गरेर दुई साताका लागि युद्धविराम गर्ने सहमति हुनु पश्चिम एसियाको तनाव घटाउने सकारात्मक कदम भएको बताएको छ । यसले संवाद, कूटनीति र मतभेदको शान्तिपूर्ण समाधानका लागि अवसर सृजना गरेको जनाइएको छ । सरकारले युद्धविरामलाई क्षेत्रीय शान्ति र स्थायित्व प्रवर्द्धनतर्फ सकारात्मक पहलका रूपमा लिएको बताउँदै विवादको शान्तिपूर्ण समाधानका हुनुपर्नेमा जोड दिएको छ । विज्ञप्तिमा द्वन्द्वका कारण उत्पन्न मानवीय प्रभावप्रति चिन्ता व्यक्त गर्दै सर्वसाधारण नागरिकको सुरक्षा र हित सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । सरकारले क्षेत्रीय तथा विश्वव्यापी रूपमा दिगो शान्ति र स्थायित्व प्रवर्द्धन गर्ने उद्देश्यले अन्तरराष्ट्रिय समुदायबाट भइरहेका सबै प्रयासप्रति समर्थन जनाएको छ ।

## कार्की परिवारमा शोक

**गौरादह/** नेकपा एमालेका केन्द्रिय नेताहरुलाई मातृशोक परेको छ । एमाले केन्द्रिय सचिव तथा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की तथा केन्द्रिय सदस्य एवम् संविधानसभा सदस्य दिपक कार्कीलाई मातृ शोक परेको हो ।

नेताद्वय सहितकी ९१ वर्षीय आमा जानुका देवी कार्कीको बुधबार साँझ ७ बजे निधन भएको हो । झापा गौरदह स्थित निवासमा उनको निधन भएको परिवार श्रोतले जनाएको छ । स्वर्गीय कार्कीका दुई छोरा र पाँच छोरी रहेका छन् । दिवङ्गत कार्कीको बिहिबार गौरादहको गोपेश्वर घाटमा दाहसंस्कार गरिएको छ ।

## त्रिवेणीमा शनिवार मात्रै विदा

**ताप्लेजुङ्/** ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाले सातामा एक दिन शनिबार मात्र सार्वजनिक बिदा दिने भएको छ । गाउँपालिकाका अध्यक्ष दिपेन्द्र पोमू (दिपेन) का अनुसार गाउँपालिकामा शनिबार मात्र सार्वजनिक बिदा हुने छ भने आइतबारदेखि शुक्रबारसम्म नियमित रूपमा कार्यालय सञ्चालन हुने छ ।

सरकारी कार्यालयहरू प्रायः बिदाका कारण सेवाग्राहीले समस्या भोग्नुपरेको भन्दै

बाँकी ४ पेजमा ▸▸

## उपसभामुखमा रुवीको सम्भावना

**दमक/** प्रतिनिधिसभाको उपसभामुखमा श्रम संस्कृति पार्टीकी रुवीकुमारी ठाकुरको प्रवल सम्भावना देखिएको छ । संसदको सवै भन्दा ठुलो दल राष्ट्रिय स्वतन्त्र पार्टीले समेत उनको पक्षमा समर्थन गर्ने जनाएसँगै उनीको प्रवलता देखिएको हो । शुक्रबार हुने मतदानमा रास्वपाले साथ दिए उनीनै निर्वाचित हुने छिन् । बिहीबार उपसभामुख पदमा उम्मेदवारी दर्ताका लागि तोकिएको समयमा राप्रपाकी सरस्वती लामा र श्रम संस्कृति पार्टीकी रुबी कुमारी ठाकुरको उम्मेदवारी दर्ता भएको हो । राप्रपाकी लामाको प्रस्तावकमा ज्ञान बहादुर शाही छन् भने समर्थकमा ताहिर अलि भाट, खुश्बु ओली र भरत गिरी रहेका छन् । आफ्ना पार्टीका तर्फबाट उम्मेदवारी दर्ता भएपछि राप्रपा संसदीय दलका नेता शाहीले सवै दलसंग कुरा गरेर नै दलका तर्फबाट उपसभामुखमा उम्मेदवारी दर्ता गराएको बताएका छन् ।

आरेन राईको प्रस्तावमा उम्मेद्वारी दर्ता गराएकी रुवीको समर्थकमा अशोक कुमार चौधरी र अम्विका देवी संग्रौला छन् । रुबी कुमारीले उम्मेदवारी दर्ता गर्दा रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटी समेत संसद सचिवालय पुगेका थिए । उपसभामुखमा उम्मेदवारी दिएपछि रुबी कुमारीले आफुलाई सहयोग गर्ने सवैलाई धन्यवाद दिदै भूमिका अनुसारको जिम्मेवारी पुरा गर्न सक्षम रहेको बताएकी छन् ।

धनुषाको जनकपुरधाम- १४, मुजेलियाकी २५ वर्षीया रुबीले सिभिल इन्जिनियरिङ अध्ययन गरेकी छन् । विपन्न परिवारमा जन्मिएकी उनी घरकी जेठी सन्तान हुन् । उनका बुबा शोगारथ ठाकुर वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा छन् भने आमा रेनु देवीले इँटाभट्टामा काम गरेर परिवार धानेकी थिइन् । तीन बहिनी र दुई भाइसहितको ठूलो परिवारमा हुर्किएकी उनको पढाइप्रतिको लगाव देखेर उनका बुबाआमाले दुःख सहेरै भए पनि उनलाई शिक्षित बनाएका थिए । ब

## पूर्वी सीमामा प्रहरीको उच्च सतर्कता

***काकड्भिट्टा/*** *पछिल्लो समय विकसित सुरक्षा परिस्थितिलाई मध्यनजर गर्दै नेपाल प्रहरीले सीमा क्षेत्रमा उच्च सतर्कता अपनाएको छ । भारतको पश्चिम बंगाल राज्यसँग सिमाना जोडिएको पूर्वी नेपालको भारत सीमा क्षेत्र काँकरभिट्टामा नेपाल प्रहरीले उच्च सतर्कता अपनाएको हो ।*

*सीमा क्षेत्रबाट हुनसक्ने अवैध घुसपैठलगायत अन्य आपराधिक कार्यलाई रोक्नका निम्ति सीमाक्षेत्रमा प्रहरी चेकजाँचलाई समेत कडाई गरेको स्थानीय प्रशासनले जनाएको छ ।*

*कोशी प्रदेश प्रहरी केनाइन शाखा, धरान, ट्राफिक प्रहरी पोस्ट काँकरभिट्टासँगको सहकार्य र समन्वयमा सिमानामा संयुक्त रूपमा गस्ती पट्रोल र खबर आदान-प्रदानलाई तीव्रता दिदैं चेकजाँच गरिएको बताइएको छ । तालिम प्राप्त कुकुरसहित नेपाल प्रहरीले सयुक्त चेकजाँच गर्ने गरेको हातहतियार तथा लागूऔषध नियन्त्रणका*

बाँकी ४ पेजमा ▸▸

## अनाहकमा गयो कमलका दुई दाजुभाइको ज्यान

**दमक/** ललितपुरको पाटनस्थित कृष्ण मन्दिर परिसरमा चक्कु प्रहार गरेर झापा,कमल गाउँपालिकाका दाजुभाइको बुधबार राति हत्या भएको छ । कमल ६ घर भई हाल ललितपुरको इमाडोल बस्दैआएका देउकुमार नेम्बाङका जेठा छोरा ३३ वर्षीय सुमित नेम्वाङ र उनका २६ वर्षीय भाइ सिर्जन नेम्वाङको हत्या भएको ललितपुर प्रहरीले जनाएको छ । जिल्ला प्रहरी परिसर ललितपुरका प्रमुख एसएसपी होविन्द्र बोगटीका अनुसार उनीहरूमाथि सञ्जीव नेपालीले चक्कु प्रहार गरि हत्या गरेका हुन् ।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार बुधबार साँझ एक सामान्य फोन कल गलत नम्बरमा पुगेपछि विवाद सुरु भएको थियो । फोनमै भनाभन बढ्दै जाँदा एकअर्कालाई नचिनेका व्यक्तिबीच तनाव सिर्जना भएको र त्यसपछि सञ्जीवले दाजुभाइलाई पाटन बोलाएको खुलेको छ । इमाडोलबाट पुगेका दाजुभाइमाथि मासु पसलमा काम गर्ने सञ्जीवले घरेलु हतियार प्रयोग गरी आक्रमण गरेका थिए । चक्कु प्रहारबाट गम्भीर घाइते अवस्थामा रहेका दाजुभाइलाई उपचारका लागि बीएन्डबी अस्पताल पुऱ्याइएको भएपनि उपचारकै क्रममा दुवैको मृत्यु भएको बोगटीले बताए । नेम्बाङ परिवार एक दशकदेखि काठमाडौंमा बस्दैआएका थिए । पूर्व मेनपावर व्यवसायी नेम्वाङको श्रीमती वेलायतमा छन् भने दुई छोराका बाबु इमाडोलमा बस्दैआएका थिए ।

घटनापछि प्रहरीले सञ्जीव नेपालीसहित गैंडाकोटका गगन सुनारलाई पक्राउ गरिएको छ भने घटनाको थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । यसैवीच, नेम्वाङ दाजुभाईको विभत्स हत्याको घटनाले यतिखेर बालसाखको गाउँ पञ्चकन्या शोकमग्न भएको छ ।

## बाहुनडाँगीका महिलाले चलाए सामुदायिक होमस्टे

***झापा/*** *पूर्वोत्तर झापाको बाहुनडाँगी गाउँमा अझै पनि जंगली हात्तीको त्रास उस्तै छ । साँझ परेपछि मेची तरेर गाउँ पस्ने हात्तीको हुल बितण्डा मच्चाएर फर्किन्छ ।*

*यहीँ पीडाबीच, हात्ती प्रभावित परिवारका महिलाहरूले 'हात्ती मैत्री सामुदायिक होमस्टे' सुरु गरेर पीडा भुल्ने प्रयास गरिरहेका छन् । यो उद्यमले उनीहरुलाई आयआर्जनको सम्भावनाको ढोका मात्रै खोलेको छैन, सिंगो गाउँलाई नै फरक पहिचान दिलाएको छ ।*

*चार वर्षअघि सुरु गरिएको होमस्टे अहिले गाउँका महिलाहरूको साझा पहल र मिहनेतको प्रतीक बनेको छ । गीता प्रधान, उमा राउत, उमा प्रधान, पारु प्रधान, रुपा प्रधान, पवित्रा प्रधान, शान्ति प्रधान, अनु कार्की, राधा नेपाललगायतका महिलाहरू यो अभियानमा जोडिएका छन् । होमस्टे सञ्चालनको तरिका पनि निकै रोचक छ । पाहुना धेरै भए सबै मिलेर सामूहिक रूपमा खाना पकाएर खुवाइन्छ भने पाहुना कम हुँदा घरलौरी बाँडेर आतिथ्य सत्कार गरिन्छ । 'पर्यटकको सेवा गर्न हामी सधैं तत्पर छौं,' उमा प्रधान भन्छिन् ।*

*होमस्टेमा अहिलेसम्म ६०-७० जनासम्मको समूहलाई सहजै व्यवस्थापन गरिसकेका उनीहरू आवश्यक परे ३ सय जनासम्मलाई पनि खाना पकाएर खुवाउन सक्ने क्षमता भएको बताउँछन् । पाहुनालाई आफ्नै घरमा राख्ने, सुताउने र स्थानीय परिकार खुवाउने उनीहरूको*

बाँकी ४ पेजमा ▸▸


# आवश्यकता

यस लाईफ लाईन अस्पताल प्रा.लि. दमक-५, झापाको प्राङ्गणमा रहेको चमेनागृह संचालन गर्नको लागी ईच्छुक ब्यक्ति/फर्म तथा संस्थाहरुले तपशिलमा उल्लेख कागजात सहित मिति २०८२ चैत्र मसान्त भित्र अस्पतालको प्रशासन शाखामा निबेदन दिनु हुन अनुरोध गरिन्छ ।

**तपशिल संलग्न गर्नुपर्ने कागजातहरु**

१. ब्यक्ति/फर्म वा संस्थाको स्थायी लेखा नम्बर ।
२. ब्यक्ति/फर्म वा संस्थाको नागरिकता, दर्ता कागजातहरु
३. क्यान्टिन प्रयोग गरे वापत ब्यक्ति/फर्म वा संस्थाले कबुल गरेको मासिक भाडा दर रकम खुलाउनु पर्नेछ ।

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, (झापा)



**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

**नदी /खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आव्हानको सूचना**

छैठौं पटक प्रकाशित मिति:२०८२।१२।२७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ(६) र दफा ६२(क) बमोजिम सूचनामा उल्लेखित पालिकाहरूको चुरे तथा वन क्षेत्र बाहेकका I.E.E.प्रतिवेदनमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन गरी कोशी प्रदेशको आर्थिक ऐन, २०८२ ले तोकेको दरमा विक्री गर्ने गरी तपसिल बमोजिमको नदि/खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही बिधुतीय बोलपत्र पेश गर्नुहुन यो ७ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।

**तपसिल**

**बोलपत्रको नाम :** रतुवा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शूल्क अशुली सम्बन्धि कार्य (Ratuwa Khola bata Nadijanya Padartha Uthkhanan, Sankalan ra Bikriko Shulka Ashuli Sambandhi Karya 2082-83)

**बोलपत्र नं.:** DMO/JHAPA/RVR/DK–TWA/51/82/83

**बिस्तृत विवरणको लागि :** bolpatra.gov.np **मा हेर्नुहुन ।**

# सम्पादकीय

## निर्माण क्षेत्रको बेथिती अन्त्यको जरुरी

नेपालमा पूर्वाधार निर्माणको सुस्त गति अहिले विकासको सबैभन्दा गम्भीर समस्यामध्ये एक बनेको छ । पुष्पलाल मध्यपहाडी राजमार्ग जस्तो राष्ट्रिय गौरवको आयोजना नै वर्षौंसम्म अलपत्र पर्नु राज्य संयन्त्रको कमजोर कार्यक्षमताको स्पष्ट उदाहरण हो । पूर्वी सुरूवाती बिन्दु चिवा भञ्ज्याङदेखि थर्पुसम्मको ५०.६४ किलोमिटर सडक पाँच वर्ष बितिसक्दा पनि कालोपत्रे पूरा नहुनु केवल ढिलाइ मात्र होइन, विकासप्रतिको गैरजिम्मेवारी हो । तेह्रथुमको संक्रान्ति–म्याङ्लुङ खण्डमा २४.४० किलोमिटर सडक अझै कालोपत्रे हुन नसक्नु र ठेक्का तोडिएको १४.४० किलोमिटर सडक पुनः ठेक्का नै नलाग्नुले समस्या झन् गम्भीर देखिन्छ । हुलाकी राजमार्गका विभिन्न खण्ड र पुलहरूमा पनि यस्तै समस्या रहेको छ भने मदन भण्डारी राजमार्ग, उत्तर–दक्षिण करीडोर लगायत आयोजनाका कतिपय खण्ड पनि 'क्रोनिक' बनेका छन् ।

यी केही उदाहरण मात्र हुन् । यस्ता समस्या देशभरि साना–ठूला सडक, पुल, खानेपानी, सिँचाइ, विद्यालय भवन र स्वास्थ्य चौकी निर्माणमा पनि देखिएका छन् । कतै बजेट समयमै निकासा हुँदैन, कतै ठेकेदारले काम थालेर बीचमै छोड्छन्, कतै अनुगमन कमजोर हुन्छ। परिणामस्वरुप जनता वर्षौंसम्म धुलो, हिलो, जोखिम र सास्ती भोग्न बाध्य छन् । विकासका नाममा बजेट छुट्याइए पनि काम सम्पन्न नहुँदा राज्यप्रतिको जनविश्वास घट्दै गएको छ । यस समस्याको मुख्य कारण ठेक्का व्यवस्थापनको कमजोरी, राजनीतिक हस्तक्षेप, कर्मचारीतन्त्रको ढिलासुस्ती र दण्डहीनता हो। काम नगर्ने ठेकेदारमाथि कारबाही नहुनु, समयमै निर्णय नहुनु र सम्बन्धित निकायबीच समन्वय अभावले समस्या झन् बढाएको छ । विकास आयोजना केवल घोषणा र शिलान्यासमा सीमित हुँदा जनतामा निराशा बढ्नु स्वाभाविक हो । अहिले गणतन्त्रपछिकै शक्तिशाली सरकार छ । यस्तो अवस्थामा सरकारले परिणाममुखी काम गरेर देखाउने ऐतिहासिक अवसर पाएको छ। सबै अधुरा आयोजनाको वस्तुगत समीक्षा गरी प्राथमिकताका आधारमा समयसीमा तोक्नुपर्छ। काम नगर्ने ठेकेदारको ठेक्का तुरून्त खारेज गरी कालोसूचीमा राख्ने, नयाँ प्रक्रिया छिटो अघि बढाउने, बजेट निकासामा पारदर्शिता ल्याउने र नियमित अनुगमनलाई कडाइका साथ लागू गर्नुपर्छ। स्थानीय तह, प्रदेश र संघबीच स्पष्ट जिम्मेवारी बाँडफाँट हुन जरूरी छ ।

विकास निर्माण केवल सडक र पुल बनाउने विषय मात्र होइन, यो जनताको जीवनस्तर सुधार्ने आधार हो। अब सरकार परिणामबाट मापन हुने बेला आएको छ । ढिलासुस्ती, बेवास्ता र लापरबाहीको संस्कृतिको अन्त्य गरेर मात्रै नागरिकका अपेक्षाहरू पूरा हुने देखिन्छ ।

# सुशासनको जग बसाल्ने मौका



श्याम न्यौपाने

२०८२ को आमनिर्वाचन केवल सत्ता परिवर्तनको साधारण घटना थिएन । परम्परागत दलको नागरिकमैत्री हुन नसकेको शासन शैली र तिनीहरूप्रतिको अविश्वासको परिणाम हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्राप्त गरेको अभूतपूर्व जनादेशले नेपाली राजनीतिमा जकडिएको 'पराजित मानसिकता' लाई जरैदेखि उखेलेको छ ।

भदौ २३ र २४ को 'जेनजी' आन्दोलनले स्थापित गरेको 'परिणाममुखी राजनीति' नै यो सरकारको जग हो । अबको सिंहदरबार नागरिकको शासक होइन, सेवक बन्नु पर्छ । सुशासन, आर्थिक सार्वभौमिकता र प्रशासनिक सबलीकरणमा सरकार केन्द्रित हुनु पर्छ । बालेन सरकारको उदयको मुख्य आधार 'भ्रष्टाचारविरूद्धको शून्य सहनशीलता' हो । अब दोषी उम्कनु हुँदैन भने निर्दोष फस्नु हुँदैन भन्ने मान्यताले प्रश्रय पाउनु पर्छ । राज्यकोषबाट दुरूपयोग भएको प्रत्येक रूपियाँ ब्याजसहित फिर्ता हुनु पर्छ । मन्त्रीपरिषद्बाटै विसं २०४७ पछिका सबै उच्चपदस्थ अधिकारी र बिचौलियाको सम्पत्ति छानबिन गर्न पूर्णतः स्वायत्त 'उच्चस्तरीय सम्पत्ति जाँचबुझ न्यायिक आयोग' गठन गरिनु पर्छ । अवैध ठहरिएको सम्पत्ति तत्काल जफत गरी 'राष्ट्रिय पुनरूत्थान कोष' मा जम्मा गर्ने कानुनी अधिकार यस आयोगलाई दिने व्यवस्था मिलाउनु पर्छ ।

प्रक्रियागत सुशासनका लागि काठमाडौँ महानगरको 'लाइभ ब्रोडकास्ट' अवधारणालाई सङ्घीय मन्त्रीपरिषद् र राष्ट्रिय महत्वका निर्णयमा विस्तार गरिनु आवश्यक छ । 'नेपाल डिजिटल गभर्नेन्स पोर्टल' मार्फत हरेक सरकारी खर्च र ठेक्कापट्टालाई नागरिकले 'रियल–टाइम' ट्र्याक गर्न सक्ने प्रणाली विकास गरिनु पर्छ । 'क्रोनी क्यापिटालिज्म' को अन्त्य गर्नु नै बालेन सरकारको सबैभन्दा ठुलो नैतिक परीक्षा हुने छ ।

अर्थतन्त्र 'भेन्टिलेटर' मा छ । जिडिपीमा २५ प्रतिशत रेमिट्यान्सको हिस्सा हुनु जोखिमको सूचक हो । बालेन सरकारले आगामी पाँच वर्षमा अर्थतन्त्रलाई एक सय बिलियन डलरको क्लबमा पुऱ्याउने लक्ष्य राख्नु पर्छ । यसका लागि नेपाललाई विश्वको 'आउटसोर्सिङ डेस्टिनेसन' बनाउन 'डिजिटल भिलेज' र 'टेक पार्क' हरूमा लगानी बढाउनु पर्छ । 'नेपाल टेक मिसन' मार्फत वार्षिक एक लाख युवालाई एआई र साइबर सुरक्षामा तालिम दिई विश्व बजारमा जोड्नु पर्छ । कृषिमा केवल अनुदान बाँडेर सुधार हुँदैन । अब 'फार्म टु फोर्क' (खेतदेखि भान्सासम्म) को आपूर्ति शृत्ला निर्माण गरी बिचौलियाको अन्त्य गरिनु पर्छ । इजरायल र नेदरल्यान्ड्सको प्रविधि प्रयोग गरी बाँझो जमिनमा व्यावसायिक उत्पादन सुरू गर्नु पर्छ । पुँजीगत खर्च सुधारका लागि 'प्रोजेक्ट बैंक' अनिवार्य गर्दै फास्ट ट्र्याक र मेट्रो रेल जस्ता आयोजनामा २४ सै घण्टा काम हुने वातावरण बनाउन सके समृद्धिको जग बस्ने छ ।

प्रक्रियामा अल्झिएको कर्मचारीतन्त्रलाई 'एक्सन ओरिएन्टेड' शैलीमा रूपान्तरण गर्न आवश्यक छ । अनावश्यक विभाग र समिति खारेज गरी 'राइट–साइजिङ' मार्फत साधारण खर्च कटौती गर्नु पर्छ । एक मन्त्रालय, एक सचिवको नीति र कर्मचारीतन्त्रमा राजनीतिक भागबन्डाको अन्त्य गरी योग्यता प्रणाली बहाली गर्नु अनिवार्य छ । नागरिकता, राहदानी र लाइसेन्सका लागि नागरिकले लाइन बस्नुपर्ने बाध्यतालाई डिजिटल गभर्नेन्समार्फत अन्त्य गरिनु पर्छ । सरकारले १०० प्रतिशत डिजिटल सेवा प्रवाह सुनिश्चित गर्नु पर्छ, जहाँ नागरिकले घरैबाट सरकारी सेवा पाऊन् । कार्यसम्पादनमा आधारित प्रोत्साहन र दण्ड प्रणाली विकास गरी प्रशासनलाई साँचो अर्थमा जनताको सेवक बनाउनु पर्छ ।

मानव पुँजी नै समृद्धिको आधार हो । काठमाडौँ महानगरपालिकामा बालेन शाहले लागु गरेको 'बुक–फ्री फ्राइडे' जस्ता कार्यक्रमलाई देशैभरि संस्थागत गर्दै फिनल्यान्डको जस्तो व्यावहारिक शिक्षा प्रणाली लागु गरिनु पर्छ । विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी अनुसन्धान केन्द्र बनाइनु पर्छ । स्वास्थ्य क्षेत्रमा 'आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक हक' भन्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न प्रत्येक जिल्ला अस्पताललाई विशेषज्ञ सेवायुक्त बनाउन ढिला गर्नु हुन्न । स्वास्थ्य बिमाको झन्झट हटाई निजी अस्पतालको शुल्क नियमन गर्नु सरकारको दायित्व हुने छ ।

नेपालको जलविद्युत् हाम्रो आर्थिक मेरूदण्ड हो । 'ऊर्जा कूटनीति' मार्फत भारत र बङ्गलादेशसँग दीर्घकालीन व्यापार सम्झौता गर्दै नेपाललाई दक्षिण एसियाको पावर हाउस बनाउनु पर्छ । स्वदेशमै सस्तो बिजुली उपलब्ध गराई विद्युतीय सवारी र उद्योगलाई प्रोत्साहन दिएमा पेट्रोलियम आयातको अर्बौं खर्च जोगिने छ । वातावरण संरक्षणमा 'वेस्ट–टु–एनर्जी' प्लान्ट स्थापना गरी दिगो पर्यटनको मोडल अपनाउनु पर्छ । बदलिँदो भूराजनीतिमा बालेन सरकारले छिमेकी र शक्ति राष्ट्रसँग सन्तुलित सम्बन्ध राख्नु पर्छ । हाम्रो परराष्ट्र नीतिको मूलमन्त्र नेपाल फस्ट हुनु पर्छ । नेपाललाई दुई ढुङ्गाबिचको तरूल मात्र होइन, दुई ठुला अर्थतन्त्रलाई जोड्ने गतिशील पुल बनाइनु पर्छ । विदेशमा रहेका ५० लाख नेपालीको सम्मान र सुरक्षाका लागि कूटनीतिक सुधार गर्दै उनीहरूलाई मतदानको अधिकार सुनिश्चित गर्नु यो सरकारको लोकतान्त्रिक दायित्व हो ।

बालेन शाहको यो कार्यकाल इतिहासकै कठिन तर अवसरले भरिएको समय हो । पुराना शक्तिको अवरोध, कानुनी जटिलता र भूराजनीतिक चासोबिच उहाँले बाटो पहिल्याउनुपर्ने छ । उहाँसँग एउटा यस्तो अस्त्र छ जुन विगतका शासकसँग थिएन त्यो हो जनताको निःस्वार्थ साथ र भरोसा । यो सरकारले पहिलो एक सय दिनमा केही भ्रष्टाचारीलाई कठघरामा उभ्याउन र सरकारी सेवामा सहजता ल्याउन सक्यो भने अबकी बार बालेन सरकार केवल चुनावी नारा मात्र रहने छैन, यो नेपालको पुनर्जन्मको महागाथा बन्ने छ । बालेन शाह केवल एक व्यक्ति मात्र नभई नयाँ पुस्ताका सपनाका प्रतिविम्ब हो । ती सपनालाई टुट्न दिने छुट उहाँलाई इतिहासले दिने छैन । यो समय केवल बालेनको परीक्षाको मात्र होइन, समग्र नेपालको भविष्यको फैसला हुने घडी हो ।

## दण्डहिनताले घरभित्रै अपराध बढ्दै

मन्जिता उपाध्याय

पहिले पनि लैङ्गिक हिंसाका घटनाहरू हुन्थे, तर अहिलेको तथ्याङ्क हेर्दा स्थिति निकै चिन्ताजनक देखिन्छ। सुशासनको कुरा गरिए पनि कोशी प्रदेशमा अहिले हिंसाका घटनाहरू ह्वात्तै बढेका छन् । अहिले घरभित्रै हिंसा हुनुको मुख्य कारण समाजमा व्याप्त 'दण्डहीनता' हो । 'अहिले जे गरे पनि हुन्छ' भन्ने खालको मानसिकता विकास भएको देखिन्छ। यसले गर्दा घरभित्रै आफ्नै श्रीमती वा प्रेमिकालाई दबाउने र हिंसा गर्ने प्रवृत्ति बढेको छ। प्रहरी–प्रशासनले आफ्नो ठाउँबाट काम त गरेको छ, तर समाज र घरभित्रको यो सोच बदल्न निकै कठिन भइरहेको छ।

हिंसाको मुख्य कारण 'शक्ति र शक्तिहीनता' बीचको खाडल हो । शक्ति हुनेले कमजोरमाथि शासन गर्न खोज्ने प्रवृत्ति समाजमा हाबी छ। "म पुरुष हुँ, मैले जे गरे पनि हुन्छ" भन्ने पितृसत्तात्मक सोच र "म श्रीमान् हुँ वा म प्रेमी हुँ, मैले जे भन्यो त्यही हुनुपर्छ" भन्ने अहङ्कारले गर्दा हिंसा जन्मिएको छ। बेरोजगारी, आर्थिक असमानता र पितृसत्तात्मक सामाजिक संरचनाले यसलाई थप प्रश्रय दिएको छ।

त्यस्तै, सामाजिक सञ्जालको दुरुपयोग अहिले हिंसाको एउटा ठूलो माध्यम बनेको छ। मानिसहरूमा एक–अर्काप्रति शङ्का गर्ने प्रवृत्ति बढेको छ। प्रेमीले प्रेमिकाको पासवर्ड माग्ने, सामाजिक सञ्जालमार्फत ब्ल्याकमेल गर्ने र चरित्र हत्या गर्ने घटनाहरू सामान्य हुन थालेका छन् । अझ अहिले त एआई मार्फत नक्कली भिडियोहरू बनाएर मानिसहरूलाई मानसिक तनाव दिने र साइबर अपराध गर्ने प्रवृत्ति पनि बढेको छ। अन्य देशहरूमा बालबालिकाका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध वा कडाइ गरिए जस्तै नेपालमा पनि यसको नियमन हुनु जरुरी छ।

तसर्थ, कोशी प्रदेशलाई जोखिमपूर्ण क्षेत्रका रूपमा पहिचान गरी राज्यले ठोस र प्रभावकारी कार्यक्रमहरू ल्याउनु पर्छ। केवल प्रहरीले मात्र अपराध नियन्त्रण गर्न सक्दैन। यसका लागि आम नागरिक, सामाजिक संघ–संस्था र सरकार सबैको चौतर्फी प्रयास आवश्यक छ। घटना घटिसकेपछि प्रहरीकहाँ जाने त छँदैछ, तर घटना घट्नै नदिनका लागि सामाजिक सचेतना र संगठित प्रयास हुनुपर्छ। पछिल्लो समय कोशी प्रदेशमा नाबालिकहरूमाथि हुने बलात्कार र यौनजन्य दुर्व्यवहारका घटनाहरू पनि अत्यन्तै बढेका छन्, जुन समाजका लागि लज्जास्पद र चुनौतीपूर्ण छ।

## भेटीको सुनचाँदी प्रशोधन



**ताप्लेजुङ/** पाथीभरामा दर्शनार्थीले चढाएको सुनचाँदी प्रशोधन गरिएको छ । करिब दुई वर्षको अवधिमा भक्तजनले चढाएको सुन तथा चाँदी प्रशोधन गरिएको हो । पाथीभरा मन्दिरको रेखदेख तथा संरक्षणका लागि नेपाल सरकारद्वारा गठन गरिएको पाथीभरा क्षेत्र विकास समितिले सुन तथा चाँदी प्रशोधन गरेको हो । समितिका जिन्सी शाखा प्रमुख इन्द्र पौडेलका अनुसार वि.सं. २०८० साल पुस २५ गतेदेखि २०८२ साल फागुन २५ गतेसम्म मन्दिरमा चढाइएको सुनचाँदी सङ्कलन गरी रिफाइन गरिएको हो । करिब २६ महिनाको अवधिमा सङ्कलन भएको ६७ तोला सुन र ४३ केजी चाँदी रिफाइन गरिएको समितिका सूचना अधिकारी नवीन निरौलाले जानकारी दिए । ६७ तोला सुन प्रशोधन गर्दा ५० तोला ८५ लाल तौल बराबरको २४ क्यारेट (एक नम्बर) सुन बनेको समितिको सुनचाँदी व्यवस्थापन उपसमितिका संयोजक चेतराज घिमिरेले जनाए । उनका अनुसार करिब ४३ किलोग्राम चाँदी रिफाइन गर्दा दुई हजार ५४ तोला ३५ लाल तौल बराबरको २४ क्यारेट चाँदी बनेको छ ।

यसअघि नै रिफाइन गरिएको एक सय ७८ तोला ८२ लाल सुन समितिले भण्डारण गरी राखेको छ। उक्त सुन लिलामीका लागि पाँचौँ पटक सूचना जारी गर्दा समेत कसैको आवेदन नपरेको समितिले जनाएको छ । पाँच हजार दुई सय ९८ तोला १२ लाल चाँदी भने चौथो पटक सूचना जारी गर्दा लिलामी भएको समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले जानकारी दिए । उनका अनुसार गत पुस २९ गते प्रतितोला चार हजार तीन सय रूपियाँका दरले चाँदी लिलामी भएको थियो । लिलामीबाट प्राप्त रकम पाथीभरा मन्दिरको विकास तथा संरक्षणमा खर्च गर्ने योजना रहेको छ । जिन्सी शाखा प्रमुख पौडेलका अनुसार पुरानो र हालै रिफाइन गरिएको गरी जम्मा दुई सय २९ तोला ६७ लाल सुन र दुई हजार ५४ तोला ३५ लाल चाँदी समितिले विभिन्न सरोकारवालाको रोहबरमा सिलबन्दी गरी भण्डारण गरेको छ ।

## प्रजातन्त्र पुनर्बहालीको सम्झना

**दमक**/बिहिबार नेपालमा प्रजातन्त्र पुनर्बहाली भएको दिनको रुपमा सम्झना गरिएको छ। फागुन २६ लाई जनआन्दोलन दिवसको रुपमा समेत मनाउने गरिन्छ।

२०४६ चैत २६ गते ३० वर्षीय पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दै प्रजातन्त्र पुनःस्थापना भएको सम्झनामा आज दिवस मनाउन लागिएको हो। विसं २०१७ पुस १ गते राजा महेन्द्रले सुरु गरेको पञ्चायती व्यवस्थाको अन्त्य २०४६ चैत २६ गते भएको थियो । नेपाली कांग्रेसको नेतृत्वमा वाममोर्चासहित भएको संयुक्त जनआन्दोलनपछि ३० बर्से पञ्चायती व्यवस्थाको अन्त्य भएको थियो। सोही दिनदेखि नेपालमा बहुदलीय शासन व्यवस्था पुनःस्थापना भएको हो।

कांग्रेस नेता गणेशमान सिंहको नेतृत्वमा भएको जनआन्दोलन ५० दिनसम्म चलेको थियो। २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना भएको दिनको अवसर पारी २०४६ फागुन ७ गतेदेखि जनआन्दोलन सुरु भएको थियो। तत्कालीन राजा वीरेन्द्रले देशवासीका नाममा सम्बोधन गर्दै २६ गते बहुदलीय व्यवस्था पुनःस्थापनाको घोषणा गरेका थिए।

## सडक बनाउन आफ्नो घर आफैँ भत्काउँदै पथरीबासी

**उर्लाबारी/** पूर्वपश्चिम राजमार्ग विस्तार अन्तर्गत मोरङको पथरी बजार क्षेत्रमा छ लेनको सडक बनाउन पथरीबासी आफैंले घरभित्र परेका घरटहरा हटाउन थालेका छन्। सडकको ५० मिटर क्षेत्रभित्र बजारका ८१ वटा घरटहरा पर्छन्, जसमा अधिकांश घर सडक क्षेत्रमा अधिकतम छ फिटसम्म परेको छ।

२०७६ सालमा सडकको डिपिआर तयार गर्दा पथरी बजारलाई अर्धसहरी क्षेत्र मानेर चार लेन, ३३ मिटर चौडाको सडक बनाउने निर्णय गरिएको थियो। तर स्थानीय सङ्घर्ष समितिले पूर्ण सहरी मापदण्ड अनुसार छ लेन, ५० मिटर चौडाको सडक बनाउन माग गर्दै काम रोकेपछि आयोजना प्रमुख, नगरपालिका र स्थानीयबीच आन्तरिक सहमति जुटेको पथरी शनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्बापाले बताए।

सडक ५० मिटर बनाउनेसँगै स्थानीयले पूर्वतर्फ लाटीहोली कलभर्ट र पश्चिमतर्फ पथरीखोलाको पुल पनि ५० मिटरको बनाउने माग राखेका छन्। यस्ता मागका कारण पथरी बजार खण्डमा हाल निर्माण ठप्प भएको छ। पूर्वपश्चिम राजमार्ग विस्तार योजना काँकडभिट्टा–लौकही सडक पश्चिम खण्डका आयोजना प्रमुख जगत प्रजापतिले भने, "सडक ५० मिटर बनाउने विषयमा आयोजना सकारात्मक छ। पुल विस्तारका लागि दातृ निकाय र निर्देशनालयको सहमति आवश्यक पर्छ। स्थानीय र नगरपालिकाको माग अनुसार साइट क्लियर भए सडक छ लेन बनाइनेछ।"

एसियाली विकास बैंकको ऋण सहयोगमा निर्माणाधीन सडकको २०७६ सालको डिपिआर अनुसार अर्धसहरी क्षेत्रका लागि चार लेन बनाउने निर्णय भएको थियो। तर स्थानीयले नाला, फुटपाथ, सर्भिस लेनसहित छ लेनको सडक र पूर्ण सहरी मापदण्ड अनुरूप निर्माण गर्न माग गरेपछि पथरी बजार खण्डमा काम रोकिएको छ।



पथरी शनिश्चरे–१ का वडाध्यक्ष भीमकुमार राईले भने, "साइट क्लियर गर्न स्थानीय जुटिसकेका छन्। धेरैले आफैं घर, बरन्डा र पाली हटाइसकेका छन्। यसरी पथरीलाई सहरका रूपमा विकास गर्न सकिनेछ।" सङ्घर्ष समितिका सदस्य राजेन्द्र भण्डारीले भने पुल चौडाइ ५० मिटर बनाउन नगरपालिकासहित आयोजना प्रमुखलाई समेटेर सडकमा डेलीकेशन कार्यक्रम अगाडि बढाउने तयारी भइरहेको जानकारी दिए ।

यसरी स्थानीय जनताको सक्रियताले सडक विस्तारमा गति ल्याएको भए पनि पुल र डिपिआर संशोधनको कानुनी प्रक्रियाले कार्यमा थप समय लाग्ने देखिन्छ ।

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक–८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक–५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

# चलचित्र क्षेत्रका लागि सुखद् वर्ष २०८२




**दमक/** विसं २०८२ नेपाली चलचित्र उद्योगका लागि समग्रमा सुखद वर्ष सावित भएको छ । चलचित्र विकास बोर्डका अनुसार यस वर्ष दर्शकको उल्लेखनीय उपस्थिति, विविध विषयवस्तुका चलचित्रप्रति आकर्षण तथा 'स्टार' कलाकारका फिल्मको सफलताले उद्योगलाई सकारात्मक दिशा दिएको छ । हालसम्म ३७ लाख ८१ हजार ५४४ दर्शकले नेपाली चलचित्र हेरेका छन् भने रू एक अर्ब आठ करोडभन्दा बढीको व्यापार भएको छ, जसले घरेलु बजारको सम्भावना बलियो रहेको देखाउँछ ।

यस वर्ष प्रदर्शनतर्फ पनि उल्लेखनीय वृद्धि भएको छ । हालसम्म ५६ स्वदेशी र ९३ विदेशी चलचित्र प्रदर्शन भइसकेका छन् भने 'राम नाम सत्य' प्रदर्शनसँगै स्वदेशी चलचित्रको संख्या ५७ पुग्नेछ। बोर्डका अनुसार नेपालमा हाल १७२ चलचित्र भवन र ४४ वितरक संस्था सक्रिय रहेका छन्। साथै, दुई सय ३० नयाँ चलचित्र दर्ता भएका छन् भने ९४ चलचित्रले जाँचका लागि सिफारिस प्राप्त गरेका छन् ।

कमाइका हिसाबले 'परान' यस वर्षको सर्वाधिक सफल चलचित्र बनेको छ। यसले रू १७ करोडभन्दा बढी कमाउँदै घरेलु बजारमा कीर्तिमान कायम गरेको छ। पारिवारिक कथामा आधारित यस चलचित्रले ६ लाखभन्दा बढी टिकट बिक्री गर्दै दर्शकलाई हलसम्म ल्याउन सफल भयो। दोस्रो स्थानमा 'आ बाट आमा' र तेस्रो स्थानमा 'जेरी अन टप' रहेका छन्, जसले क्रमशः रू १३ करोड र रू १२ करोडभन्दा बढी कमाइ गरेका छन् ।

त्यसैगरी 'ऊनको स्वीटर', 'जारी २', 'बलिदान', 'मोहर', 'हरिबहादुरको जुत्ता', 'माग्ने राजा' र 'माइतीघर' पनि शीर्ष कमाइ गर्ने सूचीमा परेका छन् । यी चलचित्रहरुले फरक-फरक विषयवस्तु प्रस्तुत गर्दै दर्शकलाई आकर्षित गर्न सफल भएका छन्, जसले विविध कथावस्तुका चलचित्रप्रति दर्शकको रूचि बढेको संकेत गर्दछ ।

चलचित्रकर्मीहरूका अनुसार यस वर्ष कथा प्रधान तथा सामाजिक विषयमा आधारित चलचित्रले राम्रो सफलता पाएका छन् । निर्देशक तुलसी घिमिरेले नेपाली समाज र परिवेशसँग मेल खाने कथा प्रस्तुत गर्न सके घरेलु बजार नै पर्याप्त हुने बताएका छन् । उनका अनुसार दर्शकसम्म सही सूचना र गुणस्तरीय सामग्री पुग्न सके नेपाली चलचित्र उद्योग अझै सशक्त बन्ने सम्भावना छ ।

# विराटनगरबाट सरकारलाई उद्योगमैत्री बजेटको सुझाव

**विराटनगर/** विराटनगरमा निजी क्षेत्रले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि उद्योगमैत्री बजेट निर्माण गर्न सरकारलाई महत्वपूर्ण सुझाव दिएका छन् । नेपाल उद्योग परिसंघ कोशी, नेपाल उद्योग वाणिज्य महासंघ कोशी, मोरङ उद्योग व्यापार संघ र उद्योग संगठन मोरङले संयुक्त रूपमा आयोजना गरेको राजश्व परामर्शसम्बन्धी छलफल कार्यक्रममा उद्योगी तथा व्यवसायीहरूले वर्तमान आर्थिक चुनौती समाधान गर्ने खालको नीतिगत सुधार आवश्यक रहेको बताएका हुन् ।

उनीहरूले विशेषगरी कर नीतिमा परिमार्जन, औद्योगिक वातावरण सुधार र निजी क्षेत्रको आत्मविश्वास बढाउने खालको बजेट ल्याउन जोड दिएका छन् ।

कार्यक्रममा नेपाल उद्योग परिसंघका केन्द्रीय उपाध्यक्ष भीम घिमिरेले नेपाललाई शिक्षा, स्वास्थ्य, उद्योग र पर्यटनको केन्द्रका रूपमा विकास गर्ने दीर्घकालीन सोचसहित बजेट निर्माण गर्नुपर्ने धारणा राखे। उनले जग्गा कारोबारको प्रभावका कारण उद्योग विस्थापित हुने जोखिम बढेकाले उद्योग संरक्षण र प्रवर्द्धनमुखी नीति आवश्यक रहेको बताए। त्यसैगरी, परिसंघ कोशीका अध्यक्ष पवन सारडाले गलत कर नीतिका कारण भारतको जोगबनी बजारतर्फ नेपाली उपभोक्ताको आकर्षण बढ्दै गएको उल्लेख गर्दै नेपाली बजार सशक्त बनाउन कर संरचनामा सुधार आवश्यक रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशीका अध्यक्ष राजेन्द्र राउतले पछिल्लो समय निजी क्षेत्रको मनोबल घट्दै गएको भन्दै त्यसलाई उकास्ने गरी बजेट आउनुपर्ने बताए। मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीले अन्तर्राष्ट्रिय परिस्थिति, विशेषगरी अमेरिका-इजरायल र इरानबीचको द्वन्द्वका कारण कच्चा पदार्थ आपूर्तिमा असर परेको उल्लेख गर्दै प्लास्टिक उद्योग संकटमा परेको बताए । उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले सुनसरी-मोरङ औद्योगिक करिडोरको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रियस्तरको औद्योगिक प्रदर्शनी केन्द्र निर्माण गर्न सुझाव दिए ।

उद्योगी तथा व्यवसायीहरूले कर नीतिका कारण इमानदार व्यवसायीहरू प्रभावित भएको भन्दै न्यायपूर्ण र सन्तुलित बजेटको माग गरेका छन्। कार्यक्रममा सहभागी अर्थ सचिव घनश्याम उपाध्याय लगायत सरकारी अधिकारीहरूले निजी क्षेत्रबाट प्राप्त सुझावलाई सरकारसमक्ष पुऱ्याउने प्रतिबद्धता जनाएका छन् ।

# प्रहरीलाई ब्रेथलाईजर प्रदान

**दमक/** झापाको दमक नगरपालिकाले सवारी सुरक्षालाई थप प्रभावकारी बनाउने उद्देश्यसहित इलाका प्रहरी कार्यालय दमकलाई ब्रेथलाईजर मेसिन तथा आवश्यक किटहरू हस्तान्तरण गरेको छ । नगरपालिकाले बुधबार एक औपचारिक कार्यक्रमको आयोजना गर्दै ३ थान ब्रेथलाईजर मेसिन र विभिन्न परीक्षण किटहरू हस्तान्तरण गरेको हो ।

करिब ५ लाख रूपैयाँ बराबरका ती सामग्री ईलाका प्रहरी कार्यालय दमकका प्रमुख किशोर लम्साललाई हस्तान्तरण गरिएको हो । कार्यक्रममा नगरप्रमुख रामकुमार थापा, प्रहरी अधिकारीहरू, जनप्रतिनिधि तथा स्थानीय सरोकारवालाहरूको उपस्थिति रहेको थियो । नगरप्रमुख थापाले सडक दुर्घटना न्यूनीकरण र सार्वजनिक सुरक्षालाई मजबुत बनाउने लक्ष्यसहित ति सामग्री प्रदान गरिएको जानकारी दिए ।

प्रहरीतर्फबाट प्रमुख किशोर लम्सालले प्राप्त उपकरणले ट्राफिक व्यवस्थापन र सुरक्षा अभियानलाई थप सशक्त बनाउने विश्वास व्यक्त गरे । दमक नगरपालिकाले पछिल्लो समय सडक सुरक्षा, जनचेतना र अपराध न्यूनीकरणका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

## जानकारी



# बालबालिकालाई कति दिने 'स्क्रिन टाईम'

अचेल बालबालिकाहरू विभिन्न परम्परागत खेलहरू खेल्नु भन्दा मोवाईल, टिभी, कम्प्युटर, ल्यापटप लगायतका उपकरणमा झुम्मिने गरेका छन् । यो समस्या नेपालमा मात्र नभएर विश्वभरका अभिभावकहरूमा देखिएको छ । यस बानीले बालबालिकाको वृद्धिविकासमा प्रत्यक्ष असर पुऱ्याउने विज्ञहरू बताउँछन् । यसैले बालबालिकाहरूलाई दिइने स्क्रिन टाइममा नियन्त्रण गर्न कतिपय देशहरूले ऐनकानून नै बनाएका छन् ।

त्यसमा बेलायत सरकारले हालै ल्याएको निर्देशिका पनि पर्छ । प्रमाण र व्यावहारिक सल्लाहमा आधारित उक्त निर्देशिका अनुसार ५ वर्ष मुनिका बालबालिकाका लागि स्क्रिन हेर्ने समय दिनको एक घण्टामा सीमित गर्नुपर्छ । दुई वर्ष मुनिका बालबालिकाहरूलाई एक्लै स्क्रिन हेर्न दिनु हुँदैन । त्यस्तै उक्त निर्देशिकाले अभिभावकहरूलाई सम्भव भएसम्म सँगै बसेर स्क्रिन प्रयोग गर्न सल्लाह दिएको छ । बरु स्क्रिनको सट्टा कथा पढ्ने वा खाना खाने समयमा सामान्य खेलहरु खेल्न सुझाव दिइएको छ ।

अहिले इन्स्टिच्युट फर द साइन्स अफ अर्ली इयर्सका वैज्ञानिकहरूले ५ वर्ष मुनिका बालबालिकाले हेर्ने विभिन्न सामग्रीहरूको अध्ययन गरिरहेका छन् । यस अध्ययनमा संलग्न प्रोफेसर साम वासका अनुसार सामग्रीहरु धेरै तीव्र गतिमा हुँदा बालबालिकाको मस्तिष्कले त्यसलाई पछ्याउन सक्दैन । र, शरीरमा 'फाइट अर ^ लाइट' नामक तनाव प्रणाली सक्रिय हुन्छ । यसले मुटुको धड्कन बढाउने र मांसपेशीहरूमा ऊर्जा उत्सर्जन गराउने गर्छ । जुन एकै ठाउँमा बसेर स्क्रिन हेरिरहेका बालबालिकाका लागि ठीक हुँदैन । त्यस्तोमा अहिले कन्टेन्टहरु झनै तीव्र गतिका बन्न थालिसकेका छन् । यसले बालबालिकाहरूलाई झनै प्रत्यक्ष असर गर्ने बताइएको छ । यद्यपि, यो निर्देशिका अथवा बानी अक्षरश पालना गर्न कठिन हुने अभिभावकहरूको टिप्पणी रहेको छ ।

# उपभोक्ता र किसानको हितमा तत्काल कदम चाल्न सरकारलाई आग्रह

**दमक/** राष्ट्रिय सभाका सदस्यहरूले बुधबारको शून्य समयमा मूल्यवृद्धि नियन्त्रण र रासायनिक मलको समयमा उपलब्धताका लागि सरकारको ध्यानाकर्षण गराएका छन्। सभामा सदस्य गीता देवकोटाले पश्चिम एसियामा भइरहेको द्वन्द्वका कारण मुलुकमा खाद्यान्न र अन्य आवश्यक वस्तुका मूल्य बढ्दै गएको र आम नागरिकको जीवनयापन कठिन बनेको बताइन्। उनले मूल्यवृद्धि नियन्त्रणका लागि तत्काल कदम चाल्न र किसानलाई दीर्घकालीन रूपमा व्यवसायिक बनाउन स्पष्ट नीति अवलम्बन गर्न सरकारसँग माग गरिन् । देवकोटाले कृषि उत्पादन, भण्डारण, ढुवानी र बजार व्यवस्थापन सुदृढ बनाउन आगामी बजेटमार्फत ठोस अल्पकालीन तथा दीर्घकालीन कार्यक्रम ल्याउनुपर्ने सुझाएकी छन्। उनले किसानलाई प्रोत्साहन गर्ने नीति र उत्पादनशीलतामा लगानी बढाउन आवश्यक रहेको पनि औँल्याइन् । त्यस्तै, राष्ट्रिय सभा सदस्य रेखाकुमारी झाले रासायनिक मलको अभावको जोखिम प्रत्येक वर्ष झैं यसवर्ष पनि देखिएको बताउँदै सरकारले समयमै आवश्यक मलको व्यवस्था गर्न गम्भीरता देखाउनुपर्नेमा जोड दिइन्। अमेरिका, इजरायल र इरानबीचको युद्धले आपूर्ति प्रभावित हुन सक्ने भन्दै उनले आपूर्तिमा ढिलाइ हुन नदिन आग्रह गरिन् ।

सभामा किसानको जीविकोपार्जनमा असर पार्ने वन्यजन्तुले बाली नष्ट गर्ने घटनाको विषय पनि उठाइयो। देवकोटा र झाले दुवैले तत्काल समस्या समाधान गरी पीडित किसानलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरे । यसैगरी सदस्यहरूले उपभोक्ताको माग सम्बोधन गर्न र उत्पादनलाई व्यवसायिक बनाउने दीर्घकालीन योजना ल्याउन सरकारको ध्यानाकर्षण गराएको हो । मूल्यवृद्धि, मलको अभाव र कृषि चुनौतीमा सरकारले तत्काल कदम चाल्नु नपरेको खण्डमा किसान र उपभोक्तामाथि असर पर्ने चेतावनी समेत दिइएको छ । संक्षेपमा, राष्ट्रिय सभामा मूल्यवृद्धि रोकथाम, रासायनिक मलको समयमै उपलब्धता र किसानको सुरक्षा तथा राहतमा सरकारले तत्काल पहल गर्नुपर्ने माग उठेको हो ।

## पुस्तक-साभार

### राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



# मृत्युले पर्खिदैन

✍ रविन्द्र मिश्र

**क्रमागत :**

राजनीतिक यात्रा सुरू गरेपछि मैले यो देशले पत्याएका कैयौं व्यक्तित्व भेटेको छु, जसले "अब दुईतीन वर्षको मात्र कुरा हो अनि त पूरै लाग्ने हो अथवा तपाईहरू हिँडेकै बाटोमा हिँड्ने हो, अस्तिको चुनावमा भोट पनि तपाईंहरूलाई नै दिएको हो । तर यत्ति काम पूरा गरिहालौ । त्यसपछि मज्जाले लाग्ने हो भन्ने गरेका छन् । उनीहरूले भन्ने गरेको त्यो दुईतीन वर्ष या "त्यत्ति काम" कति महत्त्वपूर्ण हो या जिन्दगीको यात्रामा त्यो कति अविभाज्य हो भन्ने उनीहरूलाई नै बोध हुने कुरा हो । किनभने हरेकका परिस्थिति, योजना र व्यक्तिगत आकाङ्क्षा आआफ्नै हुन्छन् । बाहिरबाट त्यसको मूल्याङ्कन गरेर दृष्टिकोण बनाउन कठिन हुन्छ । तर एउटा वास्तविकता के हो भने जीवनको हरेक पाइला सम्झौता हो । व्यक्तिगत आकाङ्क्षाहरूको सीमा आफै निर्धारण गर्ने विषय हो । एउटा समय थियो, जति बेला खाली पेट र खुट्टा लिएर मानिस देश बनाउन हिँडे । लाग्छ, त्यति बेलाका मानिसमा समाज र देशप्रतिको कर्तव्यबोध धेरै उच्च र इमानदार थियो । अहिले समय बदलिएको छ । मानिसहरूमा शब्द र कर्मबीचको तादात्म्य नराम्रोसँग क्षयीकृत भएको छ । इमान नभएकाहरूले खोक्रा र आडम्बरी नारा दिएर मानिसलाई उद्वेलित बनाउँछन्, त्यो बेग्लै कुरा हो। तर अब खाली पेट र खुट्टा लिएर देश बनाउन हिँड भनेर कोही हिँड्दैन । त्यसो भन्न पनि हुँदैन। तर फेरि पनि देश त बनेको छैन र देश बनाउनैपर्छ । देश बनेन भने थोरै व्यक्तिले धेरै पाउँछन्, ती सफल र सम्पन्न हुन्छन् । तर समग्र देशले पाउँदैन र अत्यधिक नागरिक विफल अनि विपन्न हुन्छन् । जसले पाएका छन्, तिनको जीवन पनि सुखी, स्वस्थ र सुन्दर हुन सक्दैन । परिणामस्वरूप, बुबा या आमाले आफूले पाएको नाम र दामबारे अव्यक्त रूपमा गर्व गरिरहँदा तिनैका छोराछोरी, नातिनातिना विषादीयुक्त तरकारी खान, प्रदूषित हावामा सास फेर्न, आपत्कालीन स्थितिमा भर पर्न नसकिने अस्पताल जान, कुरूप सहरमा बस्न र सकिन्छ भने देशै छाडेर जान अनि नफर्किन बाध्य हुन्छन् ।

तसर्थ देशले पत्याएका र वैकल्पिक राजनीतिक यात्राबाट मात्र देशको रूपान्तरण सम्भव छ भन्नेमा विश्वस्त रहेका त्यस्ता व्यक्तित्वहरूले अब दुईतीन वर्ष या "त्यत्ति काम" पूरा गर्न पर्खिने कि नपर्खिने ? आम सर्वसाधारणले आफ्नो मन र मत परिवर्तन गर्ने कि नगर्ने ? डा. देवकोटाको राजनीतिक चासोका कारण मैले प्रसङ्गलाई राजनीतिसँग जोडेको हुँ । तर जीवनको एउटा बिन्दुमा पुगेपछि जीवनका हरेक लक्ष्यसँग यिनै प्रश्न जोडिएका हुन्छन् या जोड्नैपर्छ । क्रमशः


# मालपोत कार्यालय दमक झापाको ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

जिल्ला झापा गौरीगञ्ज गाउँपालिका वडा नं. १ बस्ने हव्वलाल राजवंशीको छोरा नारायणप्रसाद राजवंशीको पत्नि ना.प्र.नं. ५७०४८४०५ मिति २०४४।११।०३ झापाको चिन्तासरी राजवंशीले नापी कार्यालय दमकको फिल्डबुकमा निजको पति राज नारायण राजवंशी (गौरीगञ्ज गाउँपालिका १ नं. बडा कार्यालयको च.नं. ९५७ मिति २०८२।१२।२२ को सिफारिस पत्र अनुसार नापी कार्यालयको फिल्डबुकमा रहेको ज.ध. राज नारायण राजवंशी र निवेदकले पेश गरेको कागजातमा रहेको निवेदकको पतिको नामथर नारायण प्रसाद राजवंशी एकै व्यक्ति रहेको) को नाममा दर्ता रहेको तर मालपोत कार्यालयमा दर्ता श्रेस्ता पूर्जा कायम नभएको तपशिलमा उल्लेखित जग्गाको जग्गा धनी दर्ता श्रेस्ता पूर्जा कायम नहुँदै पति नारायण प्रसाद राजवंशी (राजनारायण राजवंशी) को मिति २०८१।०९।१० मा मृत्यु भएकोले आफ्नो नाममा नामसारी सहितको जग्गा दर्ता श्रेस्ता पूर्जा कायम गरी पाऊँ भनी गौरीगञ्ज गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. १६५ मिति २०८२।०५।१० को सिफारिस पत्र साथ सर्जमिन मुचुल्का, च.नं. ९५८ मिति २०८२।१२।२२ को चारकिल्ला प्रमाणित, नाता प्रमाणित प्रमाणपत्र, नापी कार्यालय दमक झापाबाट प्राप्त फिल्डबुक उत्तार सहित द.नं. २४६७ मिति २०८२।०५।१५ निवेदन पेश गरेकोमा जिल्ला झापा गौरीगञ्ज गाउँपालिका बडा नं. १ बस्ने पाहाड सिंह राजवंशीको छोरी काली प्रसाद राजवंशीको पत्नी तारादेवी राजवंशीले उल्लेखित महाभारा ६ कि.नं. ३१२ क्षेत्रफल ०-६-७ जग्गा आफूले विगत पुस्तौंदेखि जोतभोग गर्दै आइरहेको, बडा कार्यालयमा सिफारिस माग गर्न जाँदा आफूलाई सिफारिस नदिएको र अन्य व्यक्तिलाई सिफारिस दिएको हुँदा यसै निवेदनलाई आधार मानेर रोक्का गरी पाऊँ भनी द.नं. २८३९ मिति २०८२।०५।१९ मा निवेदन दर्ता गराएकोमा उल्लेखित जग्गाको हकदावी सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८२।१२।२३ मा आदेश भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग दावी बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।१०।०३ को निर्णयानुसार मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (२) को प्रयोजनार्थ रैकर र गुठी जग्गा अन्तर्गतको छुट जग्गा दर्ता सम्बन्धमा मालपोत नियमावली २०३६ को नियम ४क, को उपनियम (१) को प्रयोजन अनुसार छुट जग्गा दर्ता गर्दा कोहि कसैको हकहिस्सा वा स्वामित्वमा असर पर्न जाने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा आउनु होला । अन्यथा कानून बमोजिम भई जाने छ । पछि कुनै प्रकारको उजूर बाजूर लाग्ने छैन ।

**तपशील**

| फिल्डबुकमा भएको जग्गा धनीको नाम थर: | गा.वि.स. न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा दर्ता माग गर्ने निवेदक | कै |
|---|---|---|---|---|---|---|
| ज.ध. को फिल्डबुकमा नामथर नभएको, किसानको महलमा प्रसादु राजवंशी ४ नं. वडा महाभारा, किसानको व्यहोरा यो जग्गा सोभी राजवंशीको नंम्बरी मैले खरिद गरी लि जोती खाई आएको छु। र कैफियतमा यो जग्गा सोभी राजवंशी नम्बरी जग्गा हो। निज पछि निजको छोरा राजनारायण राजवंशीको हक हुन आएको हो भनी प्रमाणित भएको। | महाभारा | ४क | ३१२ | ०-६-७ | नामथर: चिन्तासरी राजवंशी वावु: हव्वलाल राजवंशी पति: नारायण प्रसाद राजवंशी ना.प्र.नं. ५७०४८४०५ २०४४।११।०३ झापा | |

*इति सम्वत् २०८२ साल चैत्र २३ गते रोज २ शुभम् ।*





आज मिति
२०८२ साल
चैत्र २६ गते
शुक्रबार
10 April 2026
तिथि: अष्टमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

- **मेष** (चु चे लो ला लि लँ ले लो अ): मनमा शान्ति छाउने । अध्ययन क्षेत्रमा सुधार ।
- **वृष** (इ उ ए ओ वा वि वु वे वो): दिन मध्यम छ । आफन्तबाट अपजस मिल्ला ।
- **मिथुन** (का कि कु घ ङ छ के को हा): मित्रहरु दाहिना होलान् । ब्यापारमा उत्तम समय छैन ।
- **कर्कट** (चु चे लो ला लि लँ ले लो अ): पारिवारीक भेटघाट । खर्चको मात्रा बढेर जाला ।
- **सिंह** (मा मि मु मे मो टा टि टु टे): शुभचिन्तकबाट सरसहयोग । पढाईलेखाईमा बाधा ।
- **कन्या** (टो प पी पँ ष ण ठ पे पो): अनावश्यक खर्च । शत्रुको भय ।
- **तुला** (हि हु हे हो डा डि डु डे डो): आकस्मिक धनलाभ । आफन्तबाट सहयोग ।
- **वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): उपहार प्राप्ति । रोजगारीको अवसर ।
- **धनु** (य यो भा भी भ धा फा ढ भे): कार्य सिद्धि । मान्यजनको सहयोग ।
- **मकर** (भो जा जी खि खू खे खो गा गी): मनमा खिन्नता । स्वास्थ्यमा समस्या ।
- **कुम्भ** (गँ गे गो सा सी सँ से सो द): धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ ।
- **मीन** (दि दु थ झ ञ दे दो चा ची): आर्थिक प्रगति । मित्रबाट सहयोग ।

# सरकारले बढायो सार्वजनिक यातायातको भाडा

**झापा**/ सरकारले सार्वजनिक यातायातको भाडादर बढाएको छ । इन्धनको मूल्यमा भएको उत्तारचढाव र विभिन्न सूचकहरूलाई कारण देखाउँदै सरकारले नयाँ भाडादर निर्धारण गरेको हो।

नयाँ व्यवस्था अनुसार यात्रुवाहक सवारी साधनको भाडामा १६.७१ प्रतिशतले वृद्धि गरिएको छ । त्यसैगरी, मालवाहक सवारी साधनतर्फ पहाडी बाटोमा सञ्चालन हुने सवारीको भाडा २१.६८ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने सवारीको भाडा १५.७५ प्रतिशतले समायोजन गरिएको छ । विशेष गरी इन्धनको मूल्यमा आएको परिवर्तनलाई नै भाडा वृद्धिको मूल आधार मानिएको विभाग स्रोतले बतायो । यो निर्णयसँगै अब सर्वसाधारणले यात्रा गर्दा र सामान ढुवानी गर्दा बढेको नयाँ दर अनुसार नै शुल्क तिर्नुपर्नेछ ।

यातायात व्यवस्था विभागले भाडा समायोजनको स्वीकृतिका लागि मन्त्रालयमा प्रस्ताव पठाएको थियो । भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनील लम्सालले भाडावृद्धिको निर्णय सदर गरेसँगै विभागलाई अनुमति प्राप्त भएको छ । अब विभागले औपचारिक रूपमा सूचना निकालेर जानकारी गराउनेछ ।

# अलैंचीको मूल्य प्रतिमन लाख

*__इलाम__/ अलैंची बिक्रीको सिजन अन्तिम चरणमा पुग्दा इलामका किसानहरू उचित मूल्य पाएपछि उत्साही देखिएका छन्। सिजनको सुरुमा प्रतिमन ९० देखि ९५ हजार रुपैयाँमा कारोबार भएको अलैंचीको मूल्य अहिले प्रतिमन ९६ हजारदेखि एक लाख रुपैयाँसम्म पुगेको छ । इलाम उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण पौडेलका अनुसार यो वर्ष अलैंचीको मूल्यको लाभ सिधै किसानको हातमा पुगेको छ । व्यापारीहरूले स्टक नराखी सिधै खरिद-बिक्री गरेका कारण गाउँको अर्थतन्त्र चलायमान बनेको छ । इलामबाट मात्रै वार्षिक करिब तीन अर्ब रुपैयाँको अलैंची निकासी हुने गरेको छ। यद्यपि, मध्यपूर्वमा जारी द्वन्द्वका कारण खाडी मुलुकमा हुने निर्यातमा भने केही कमी आएको व्यवसायीहरू बताउँछन्।*

*मेची भन्सार कार्यालयको तथ्याङ्कले अलैंची निर्यातमा उल्लेख्य वृद्धि भएको देखाएको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा ७ अर्ब ६७ करोड ४० लाख रुपैयाँ बराबरको अलैंची निर्यात भएकोमा चालु आर्थिक वर्षको फागुनसम्ममै ९ अर्ब ४९ करोड ६१ लाख रुपैयाँको निकासी भइसकेको छ । फागुन मसान्तसम्ममा ४६ लाख ५ हजार किलोभन्दा बढी अलैंची निर्यात भएको भन्सारको तथ्याङ्क छ । यस वर्ष हिउँदमा पर्याप्त आकाशे पानी र असिना परेका कारण सिँचाइ राम्रो भएको र आगामी वर्ष उत्पादन अझ बढ्ने अपेक्षा किसानहरूको छ । हाल नेपालका ५४ जिल्लामा अलैंची खेती विस्तार भएको छ।*

***हिरासतमुक्त......***
उनले प्रहरी नियन्त्रणमा रहँदा आफूप्रति मानवीय व्यवहार गर्ने प्रहरी प्रशासन र स्वास्थ्योपचारमा तल्लीन त्रिवि शिक्षण अस्पताल परिवारप्रति धन्यवाद दिएका छन् । प्रहरी हिरासतमुक्त भएका पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले तत्काल अस्पताल नछाड्ने भएका छन् । चैत १४ गते जनेजी आन्दोलनको छानबिन गर्न बनेको आयोगको कारबाही गर्न गरेको सिफारिसअनुसार पक्राउ परेका ओली त्यसलगत्तै स्वास्थ्यमा समस्या देखिएपछि अस्पताल भर्ना भएका थिए । १३ दिनसम्म अस्पतालमा रहेका ओलीलाई सर्वोच्च अदालतले सोमबार रिहा गर्न दिएको आदेशअनुसार उनलाई बिहिबार बिहान पौने ११ बजे प्रहरीले आफन्तको जिम्मा लगाएको थियो ।

तर उनी तत्काल घर नजाने भएका छन् । ओलीका स्वकीय सचिव राजेश बज्राचार्यकाअनुसार सोमबार ओलीको पत्थरीको अप्रेसन रहेको छ । अप्रेसनपछि मात्र उनी घर जाने बज्राचार्यले जानकारी दिए । ओलीले घर जाने इच्छा देखाएका थिए । तर स्वास्थ्यमा नियमिति अन्य चेक गर्नुपर्ने र फेरि सोमबार अप्रेसनका लागि आइतबार अस्पताल भर्ना हुनुपर्ने भएकाले ओलीलाई अस्पतालमा राख्न परिवार सहमत भएको हो ।

***पूर्वी......*** *लागि प्रहरी अहोरात्र खटिएको प्रहरीको भनाई छ । कोशी प्रदेश प्रहरी केनाइन शाखा, धरानको तालिम प्राप्त कुकुरसहित आएको प्रहरी टोलीले बुधबार काँकरभिट्टामा चेकजाँच गरेको थियो । सार्वजनिक, तथा नीजि सवारी साधनलाई रोकेर तालिम प्राप्त कुकुरसहित चेकजाँच गरिएको प्रहरी अधिकृतले जनाएका छन् । चेकजाँचमा कोशी प्रदेश प्रहरी केनाइन शाखा, धरानको तालिम प्राप्त कुकुरसहित आएको प्रहरी टोली, इलाका प्रहरी कार्यालय काँकरभिट्टाको प्रहरी टोली ट्राफिक प्रहरी पोस्ट काँकरभिट्टाको टोली खटिएको थियो ।*

***मन्त्रीमाथि......***
यस्तै प्रधानमन्त्री शाहले स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहतालाई सचेत गराएका छन् । मन्त्रालयको काम गर्दा गम्भीरता नदेखाएको भन्दै प्रधानमन्त्री शाहले स्वास्थ्यमन्त्री मेहतालाई सचेत गराएका हुन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का पार्टी सभापति रवि लामिछानेले आफ्नो जिम्मेवारी निर्वाह गर्दा अपेक्षित गम्भीरता नदेखाएको भन्दै स्वास्थ्यमन्त्री मेहतालाई सचेत गराउन प्रधानमन्त्री शाहसमक्ष सिफारिस गरेका थिए ।सभापति लामिछानेको सिफारिसका आधारमा प्रधानमन्त्री शाहले मन्त्री मेहतालाई सचेत गराएको प्रधानमन्त्री सचिवालयले जनाएको छ ।

## अन्तर्राष्ट्रिय

# लेबनानमा राष्ट्रिय शोक

**एजेन्सी**/ इजरायलले बुधबार गरेको आक्रमणमा २५४ जनाको मृत्यु र १ हजार १६५ भन्दा बढी व्यक्ति घाइते भएपछि लेबननमा राष्ट्रिय शोक घोषणा गरिएको छ । लेबननी नागरिक रक्षा टोलीका अनुसार बेरुत, बालबेक, हर्मेल, नाबाटिएह, एले जिल्ला, सिदोन र टायरमा भीषण हमला गरिएको हो । लेबननी प्रधानमन्त्री नवाफ सलामले इजरायलको आक्रमण रोक्न सबै राजनीतिक र कूटनीतिक स्रोत परिचालन गरिरहेको बताएका छन् । स्वास्थ्यमन्त्री राकान नसरेद्दिनले अन्तर्राष्ट्रिय सहयोगका लागि अपिल गरेका छन् । ठुलो संख्यामा घाइतेहरूको उपचार भइरहेकाले स्वास्थ्य प्रणालीमै समस्या देखिएको छ । मंगलबार राति मात्र अमेरिका र इरानबिच दुई हप्ताका लागि युद्धविराम सम्झौता भएको थियो ।

त्यसको भोलिपल्टै इजरायलले लेबननमा ठुलो हमला गरेको हो । यसैबिच इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र अमेरिकाका उपराष्ट्रपति जेडी भान्सले युद्धविराम सम्झौतामा लेबनन नपर्ने बताएका छन् । लेवनानमा इजरायली सेनाले १० मिनेटभित्र १०० भन्दा बढी हवाई आक्रमण गरि ठुलो मानवीय क्षति गराएको हो । घटना पछि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्तामार्फत जारी वक्तव्यमा लेबनानमा जारी सैन्य गतिविधिले युद्धविराम मात्र नभइ, क्षेत्रीय स्थायित्व र दीर्घकालीन शान्ति स्थापनाका प्रयासहरूलाई समेत गम्भीर चुनौती दिएको उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्रसंघका अनुसार २ मार्चदेखि इजरायली सेना र हेजबुल्लाहबीच लडाइँ सुरु भएयता हालसम्म १ हजार ५०० जनाको ज्यान गएको छ, जसमा १३० बालबालिका रहेका छन् ।

***त्रिवेणीमा.....*** त्यसलाई न्यूनीकरण गर्न यस्तो निर्णय गरिएको पोमूले बताए । उनका अनुसार कार्यालय समय बिहान १० देखि साँझ ५ बजेसम्म यथावत रहने छ । त्यसैगरी, अत्यावश्यक कामका लागि बिदाको दिनमा समेत कार्यालय सञ्चालन गर्नुपर्ने अवस्था आएमा कर्मचारीलाई अतिरिक्त प्रोत्साहन ( इन्सेन्टिभ) उपलब्ध गराएर सेवा निरन्तरता दिइने व्यवस्था गरिएको छ । यसले सेवाग्राहीलाई सहज रूपमा सेवा प्राप्त गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

***बाहुनडाँगीका....*** *विशेषता हो । 'हामी आफैंले जे खान्छौं, पाहुनालाई त्यही खुवाउँछौं,' पवित्रा प्रधान भन्छिन्,'जस्तोमा सुत्छौं त्यस्तैमा सुताउँछौं ।'*

*सामुदायिक होमस्टेले संयुक्त रुपमा गरेको आम्दानीको हिसाब पनि पारदर्शी हुन्छ । खर्च कटाएर बाँकी रकम सबैले दामासाही रूपमा बाँड्ने गर्छन् । घरपरिवारको सहयोगले काम अझ सहज बनेको उनीहरूको अनुभव छ। उनीहरुले विभिन्न संघसंस्थाबाट होमस्टे संचालनको प्रशिक्षण लिएका छन् । खाना पकाउने तरिकादेखि 'हस्पिटालिटी'सम्मको ज्ञान उनीहरुसँग छ । 'मिठो मुस्कान र मिठो खाना पस्किन हामी तयार छौं,' पारु प्रधान भन्छिन्,'पर्यटकको सेवा र सत्कार नै हाम्रो पहिचान हो ।'*

*होमस्टेमा जोडिएकी महिला उमा राउतको कथा अझ प्रेरणादायी छ । डेढ वर्षको काखे शिशुलाई घरमा छाडेर कुनै समय विदेशिएकी उनी अहिले स्वदेशमै आत्मनिर्भर भएकी छन् । सन् २००५ मा काम गर्न घरबाहिर गएकी उनले पहिलो पटक साउदी अरबमा दुई वर्ष बिताइन् । त्यहाँबाट फर्किएर दुबई उडिन् । त्यहाँ १३ वर्ष बिताएपछि पुन: कुवेत गइन् । त्यहाँको दुई वर्षे बसाइँ बिट मारेर उनी चार वर्षअघि घर फर्किइन् ।*

*विदेशमा बिताएका वर्षले उनलाई आर्थिक रूपमा थोरै सशक्त त बनायो, तर परिवारसँगको दूरीले पीडा पनि दियो । अन्ततः स्वदेश फर्किएपछि उनले गाउँमै केही गर्ने अठोट गरिन् । त्यसैको नतिजा हो, सामुदायिक होमस्टे । 'विदेशमा १७ वर्ष बिताएँ, अब गाउँमै बसेर बाँकी जीवन बिताउने,' उनी भन्छिन् ।*

*हात्ती त्रासले चिनिएको बाहुनडाँगी गाउँ अहिले 'हात्ती मैत्री' अवधारणामार्फत पर्यटक आकर्षित गर्ने प्रयासमा छ। स्थानीय महिलाले आफ्ना संस्कृति, परिकार र आतिथ्यलाई पर्यटनसँग जोडेर आम्दानीको बाटो पहिल्याएका छन् । 'यो पहलले आर्थिक पक्ष मात्र सुदृढ गरेको छैन, महिलालाई आत्मनिर्भर र आत्मविश्वासी पनि बनाएको छ,' मेचीनगर-४ का वडाअध्यक्ष अर्जुनकुमार कार्कीले भने,'आज दिदीबहिनीहरु गृहिणीका रुपमा मात्रै सीमित छैनन्, सफल उद्यमी पनि बन्दै गएका छन् ।'*


## टन्सिलका लक्षण

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाही सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहीं वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुनसक्छन्,

**यस्ता लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**


## ऋणीलाई ऋण चुक्ता गर्ने अन्तिम ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२ चैत्र २७ गते*

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित व्यक्तिले उपभोग गर्नु भएको ऋणको समय समयमा बुझाउनु पर्ने किस्ता रकम सांवा, ब्याज र हर्जना सम्बन्धित अन्य दै दस्तुर तिर्न बुझाउनका लागि पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरि नबुझाई ऋण उपभोगका लागि यस संस्थासंग गर्नुभएको लिखित तमसुक तथा शर्त सम्झौताको उल्लंघन गर्नु भएकोले यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखि आफुले लिएको ऋणको सम्पुर्ण सांवा, व्याज र हर्जना दै-दस्तुर बाँकी बक्यौता रकम चुक्ता गर्नुहोला । तोकिएको समय अवधिभित्र दै-दस्तुर चुक्ता नगरे संस्थाको विनियम २०६३ (पुर्नलेखीत२०८०), सहकारी ऐन २०७४, सहकारी नियामावली २०७५ तथा प्रचलित ऐन कानुन बमोजिम यस सहकारी संस्थाको नाममा ऋण सुरक्षण अर्न्तगत धितोमा रहेको तपसिलमा उल्लेखित जायजेथा (चल अचल सम्पत्ति) लिलाम बिक्री तथा अन्य आवश्यक व्यवस्था गरी संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरिनेछ ।

**ऋणीको तीन पुस्ते विवरण**



नाम : इन्दिरा वर्तौला
पति : बेद नारायण वर्तौला
बावु : जनक बहादुर बुढाथोकी
ठेगना : उर्लावारी वडा नं.१, मोरङ
ना.प्र. नं. : ०५२०४३/३५६
जग्गा विवरण : मधुमल्ला १/च
कि.नं.२१७ र २१९ को जग्गा
०-१-०-० र ०-२-०-०

**ऋणीको तीन पुस्ते विवरण**



नाम : लिलामाया भट्टराई
पति : जनकराज भट्टराई
बावु : राम बहादुर ढुङ्गाना
ठेगना : उर्लावारी वडा नं.७, मोरङ
ना.प्र. नं. : ३१३१३
जग्गा विवरण:मधुमल्ला २/ख
कि.न ६०८ को जग्गा०-१-०-०

**ऋणीको तीन पुस्ते विवरण**



नाम : मन्जु खड्का
पति : निलम खड्का
बावु : श्याम कुमार कार्की
ठेगना : उर्लावारी वडा नं.७, मोरङ
ना.प्र. नं. : ०५२२०५५/५५१४
जग्गा विवरण : मधुमल्ला ५/ट
कि.न २००४को जग्गा०-०-१०-०

**नारीसंकल्प बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी-७, मोरङ

***महरासहित......*** महरासहितका व्यक्तिले काम गरेको पाइएको अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए । अनुसन्धानका क्रममा भेपमा भित्रिएको सुन भारतको महाराष्ट्रका नन्दुकुमार राण्डुराम मर्गलेको भएको खुलेको थियो । चीनबाट भित्र्याएर दावाजिन वाङले भारतीय नागरिकसम्म तस्करीको सुन लैजाने योजना बनाए पनि सेटिङ बिग्रिएर यसको रहस्य बाहिरिएको थियो ।

माओवादी सशस्त्र द्वन्द्वमा सक्रिय महरा शान्ति प्रक्रियापछि निरन्तर सत्ता-शक्तिमा छन् । २०६३ सालमा बनेको अन्तरिम सरकारमा मन्त्री बनेका महरा पछि उपप्रधानमन्त्रीसहित अर्थ, गृह, परराष्ट्रजस्ता शक्तिशाली मन्त्रालय सम्हाल्दै सभामुख पनि बनेका थिए । पहिलो संविधानसभा चुनावलगत्तै चिनियाँसँग 'नेपालमा सांसद खरिद-बिक्रीका लागि' रकम मागेको भनिएको अडियो सार्वजनिक भएपछि महरा विवादमा तानिएका थिए । यस्तै २०७४ सालमा प्रतिनिधिसभाको सभामुख बनेका उनले संसद् सचिवालयमै कार्यरत एक महिलामाथि बलात्कार गरेको आरोपमा बालुवाटारमा रहेको सभामुख निवासबाटै पक्राउ परेका थिए ।

**सुर्यदर्शन बचत तथा ऋण सहकारी सस्था लि. दमक-६, झापाको**

## कर्जा नबुझाउने ऋणीको धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य बोलपत्रमा सहभागी हुने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८२।१२।२७ गते शुक्रबार पूर्वसन्देश दैनिक*

यस संस्थाबाट कर्जा सुबिधा लिंदा गरेको सर्त अनुसार म्याद भित्र कर्जाको सावा, व्याज समेत नबुझाउनु भएको र कर्जाको सावा व्याज समेतको रकम बुझाउन पटक-पटक लिखित तथा मौखिक, जानकारी र मिति २०८२।११।०५ गते पूर्वसन्देश राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत यस संस्थालाई तिर्न/बुझाउनु पर्ने सावा र व्याज रकम नबुझाएको तथा तिरे/बुझाएको प्रमाण पेश नगरेका हुँदा, ऋणी सदस्यले कर्जा सुरक्षण बापत उपलब्ध गराएको धितो शिलबन्दी बोलपत्रद्वारा लिलाम डाक बडाबड प्रकृया मार्फत बिक्री गरी सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५को दफा ३०, संस्थाको पुनरलिखित विनियम २०८० तथा नेपाल सरकारको प्रचलित ऐन काननु बमोजिम संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नेभएकाले तपशिल बमोजिमको धितोमा रहेको अचल सम्पत्ति सकार गरी लिन ईच्छुकहरुलाई तपशिलका शर्तहरुको अधिनमा रहि गोप्य बोलपत्रमा सहभागी हुन यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ ।

### तपशील

**१. ऋणी तथा जमानत दिनेको बिबरण**

नाम : दिलिप शर्मा
बाबु : जगनाथ शर्मा
बाजे : उमानाथ शर्मा
ठेगाना : दमक(१० झापा
हाल ठेगाना : बिर्तामोड न.पा.-४ झापा
ना.प्र.नं. : २३१११५२२५ झापा
जारी मिती : २०५७।०५।०९



नाम : भिमा देबि वाशकोटा (शर्मा)
बाबु: लक्ष्मी नारायण वाशकोटा
पति: दिलिप शर्मा
ठेगाना: दमक-१० झापा
हाल ठेगाना: बिर्तामोड न.पा.-४ झापा
ना.प्र.नं.: ०४०३०४४।५५५ झापा
जारी मिती: २०६३।११।१५



***धितो दिईएको घरजग्गाको बिवरण*** *: अनारमनी-४, हाल बिर्तामोड न.पा.(४) सिट नं.-१७९००८०१७ कि.नं.-८ को क्षेत्रफल-२८८.३० ब.मि. जग्गा र सो जग्गामा बनेको ३ तले घर समेत ।*

***न्युनमत मूल्य*** *रु. ६,५०,००,०००। अक्षरेपि छ करोड पचास लाख रुपैयाँ मात्र ।*

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरू**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थाको कार्यालय दमक-६, झापामा आइपुग्ने गरी पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फाराम रू.१०० तिरी उपलब्ध हुनेछ र आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३) माथि उल्लेखित धितो सुरक्षण जे जस्तो अवस्था सोही अवस्थामा,मिति २०८३।०१।३१ गतेका दिन दिउँसो १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्र मिति २०८३।०१।३१ गते दिनको ४:०० बजे संस्थाको कार्यालयमा उपस्थित जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलामसम्बन्धी कार्य हुनेछ ।
६) बोलपत्रदाताले आफूले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी बापत सप्तकेशी डेभलभमेन्ट बैंक दमक शाखाको खाता नं. ०२९००००१३२००१ मा जम्मा गरेको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।
८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
९) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र संस्थामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ ।
१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई तोकिएको समयभित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भइ धरौटी रकम स्वतः जफत् हुनेछ ।
११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क दै दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्र दाताले नै व्यहोर्नुपर्नेछ ।
१२) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
१४) बोलपत्र लगाउने अन्तिम मितिसम्ममा सम्बन्धित ऋणीले नै सम्पूर्ण रकम बुझाएमा बोलपत्र रद्द गरी सम्बन्धित ऋणीलाई नै निजको सम्पत्ति फिर्ता गरिनेछ ।
१५) लिलाम गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले नबुझाएमा स्वयमूले सहकारी ऐन २०७४ को व्यवस्था अनुसार सकार गरी संस्थाको नाममा राख्ने छ ।

**पुनश्चत** : धितोबन्धक लेखिदिनेलाई सूचना - उपरोक्त व्यवहोरा अवगतार्थ अनुरोध गर्दै धितो लिलाम हुने लिखित जानकारी यो सूचना प्रकाशन भएको पत्रिका सहित सम्बन्धित ऋणीको घर ठेगानामा हुलाक मार्फत पठाइएको छ । सो प्राप्त नभएमा पनि यसै सूचनालाई जानकारी प्राप्त भएको मानिनेछ । सूचनाको म्याद भित्र यथाशिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरु बमोजिम बिक्रि कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ ।

**सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६, झापा (फोन: ०२३-५७५४०१/५७५६०१)

## कर्मचारी आवश्यकता

**उपरोक्त सम्बन्धमा यस दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.लाई केही कर्मचारी आवश्यकता परेको हुदाँ ईच्छुक नेपाली नागरिकबाट दरखास्त आब्हान गरिएको छ ।**

**तपसिल :**

- पद : बजार प्रतिनिधि (केही)
- शैक्षिक योग्यता : SEE उत्तीर्ण वा सो सरह ।
- उमेर : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि ।
- तलब स्केल : संस्थाको नियम अनुसार ।
- निवेदन शुल्क : रु १००।-
- दरखास्त दिने अन्तिम मिति : २०८३ बैशाख ०६ गते ।

**नोट : सहकारी क्षेत्रमा अनुभव भएको तथा स्थानीयलाई प्राथमिकता ।**

**दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-५, झापा (फोन: ०२३-५७१६११/९८४२६६६४७४)

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५८०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल